**<u>निर्णय नं १</u>** माथि छलफल गर्दा विकास निर्माणका कार्य सहज रुपमा अगाडी बढाउन तथा काम गर्दा आइ पर्ने नितिगत कानुनि बाधा अड्चनलाई हटाउन आवश्यक पर्ने वातावरण तथा प्रकृतिक श्रोत संरक्षण ऐन, २०७७ पारित गरियो ।

**<u>निर्णय नं २</u>** माथी छलफल गर्दा गाउँपालिकाको स्वास्थ्यको अवस्थालाई मध्यनजर राख्दै स्वास्थ्य तथा सरसफाइ सेवा ऐन, २०७७ पारित गरियो ।

**निर्णय नं ३** माथि छलफल गर्दा गाउँपालिकालाई आवश्यक रहेको शैक्षिक सरोकारवाला सँग सम्बन्धित गाउँशिक्षा निति, २०७७ सर्व सहमतिबाट पारित गरियो ।

**<u>निर्णय नं ४</u>** माथी छलफल गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५ को उपदफा २ मा वडा संख्या निर्धारण गर्ने कानुनी व्यवस्था भए अनुसारक कनकासुन्दरी गाउँपालिकामा हाल ८ वटा वडाह भएकामा भौगोलिक जनसंख्या तथा सेवा प्रवाहका दृष्टिकोणले बिकटता माथी बुढु , माझबुढु र गोठेलाबाडा निवासीहरुले हालको वडा नं ३ को कार्यालयबाट सेवा लिन असुविधा भएको ति गाउँका जनताहरुको माग समेत गरेकाले माथि उल्लेखित तिन गाउँलाई हालको वडा नं ३ बाट अलग गरि वडा १ थप गरि नौ वटा वडा बनाउने निर्णय पारित गरि प्रदेश सभामा पेश गर्ने निर्णय पारित गरियो ।